# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ मंसीर १२ गते २०५३ साल (अतिरिक्ताङ्क ४१


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधन : नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को, -

(१) दफा २ को खण्ड (झ) को, -

(क) उपखण्ड (ग) को सट्टा देहायको उपखण्ड (ग) राखिएको छः-

"(ग) २०१९ साल पौष १ गतेदेखि २०४७ साल कार्तिक २२ गतेसम्म गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपालको संविधान बमोजिम मन्त्रिपरिषद्को सल्लाह अनुसार वा संकटकालीन अवस्थामा सो संविधानको धारा ८१क. बमोजिमको अधिकार प्रयोग गरी काम गरिबक्सने श्री ५ महाराजाधिराजलाई, र"

(ख) उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ :-

"(घ) २०४७ साल कार्तिक २३ गतेदेखि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ र अन्य कानून बमोजिम नेपाल अधिराज्यको कार्यकारिणी अधिकार प्रयोग गरिबक्सने श्री ५ महाराजाधिराज र मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।"

(२) दफा २ को खण्ड (ञ) को,-

(क) उपखण्ड (ग) को सट्टा देहायको उपखण्ड (ग) राखिएको छः-

"(ग) २०१९ साल पौष १ गते देखि २०४७ साल कार्तिक २२ गतेसम्म गरिएको वा गरिनु पर्ने कामका सम्बन्धमा नेपालको संविधान बमोजिम अधिकार पाएको राज्य सहायक वा राज्य सहायक परिषद् वा उक्त संविधानको धारा २२क. बमोजिम अधिकार प्रयोग गर्ने व्यक्ति वा व्यक्तिहरुलाई, र"

(ख) उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ :-

"(घ) २०४७ साल कार्तिक २३ गतेदेखि गरिएको वा गरिनु पर्ने कामका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३२ को उपधारा (२) बमोजिम अधिकार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोग गर्ने राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद् र धारा ३४ बमोजिम अधिकार पाएको राज्य सहायक वा राज्य सहायक परिषद्लाई समेत जनाउँछ ।"

(३) दफा २ को खण्ड (ठ) मा रहेका "नेपालको संविधान" भन्ने शब्दहरु पछि "वा नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरु थपिएका छन् ।

(४) दफा ९ मा रहेका "त्यो काम वा कारबाई अड्डा वा अदालत खुलेको भोलिपल्टै" भन्ने शब्दहरुको सट्टा "त्यस्तो काम वा कारबाई तातेल पछि अड्डा वा अदालत खुलेको पहिलो दिन" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>लालमोहर ऐन, २०१५ मा संशोधन</u>: लालमोहर ऐन, २०१५ को,-

(१) दफा ३ र ४ को सट्टा देहायका दफा ३ र ४ राखिएका छन् :-

"३. <u>लिखतमा लाग्ने लालमोहरको किसिम</u> : निम्नलिखित विषयको लिखतको शिरमा देहायका किसिमको लालमोहरको छाप लगाइनेछ :-

(क) लालमोहरद्वारा गर्नु पर्ने पदको नियुक्ति पत्रमा बाह्र राशी,

(ख) ऐन र अध्यादेशकाप्रतिहरुमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराजको नाम सहितको ठूलो छाप,

(ग) खण्ड (क) र (ख) मा लेखिए देखि बाहेक अन्य लिखतमा लाग्ने लालमोहरको किसिम यस ऐन अन्तर्गत बन्ने नियममा तोकिए बमोजिम हुनेछ ।"

"४. लालमोहर तयार गर्ने कार्यविधि र लालमोहरमा दस्तखत गर्ने पदाधिकारी: दफा ४क. बमोजिम लालमोहर लगाउनु पर्ने लिखत बाहेक यस ऐन बमोजिम लालमोहर लगाउनु पर्ने अन्य लिखत तयार गर्ने सम्बन्धी कार्यविधि र त्यस्तो लिखतमा दस्तखत गर्ने पदाधिकारीको पद यस ऐन अन्तर्गत बन्ने नियममा तोकिए बमोजिम हुनेछ ।"

(२) दफा ४क. मा रहेका "दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि" भन्ने शब्दहरु झिकिएका छन् ।

४. अध्यागमन ऐन, २०४९ मा संशोधन: अध्यागमन ऐन, २०४९ को दफा ८ को उपदफा (२) मा रहेका "जमानत लिई छाड्न वा" भन्ने शब्दहरु पछि "अदालतको अनुमति लिई पच्चीस दिन सम्म" भन्ने शब्दहरु थपिएका छन् ।

लालमोहर सदर मिति:- २०५३।८।१२।४

आज्ञाले,

सुरेशमान श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।